संघीय संसद
प्रतिनिधि सभा
एघारौं अधिवेशन
बैठक संख्या - ६५

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल भदौ २९ गते बुधबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:१५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै हात उठाएर समय माग गर्नुहुँदै निम्नलिखित मा० सदस्यहरुले देशका विभिन्न ठाउँमा विद्यमान गुठीका समस्याहरु समाधान गर्न सरकारबाट ठोस काम नभएको, प्रतिनिधि सभाका प्रतिपक्ष दलका सदस्यहरुले सिफारिश गरेका स्थानमा सरकारले बजेट निकासा नदिएको, बाग्लुङ्ग रामतलाको सुख्खा पहिरोमा परि सात घरपरिवार विस्थापित भएकोले तत्काल राहत तथा पुनर्स्थापना गर्नुपर्ने, द्बितीय विश्वयुद्ध पश्चात् विभिन्न देशमा नागरिकता लिई बसेका नेपाली मूलका नागरिकहरुलाई गैर आवासीय नेपालीलाई जस्तै आर्थिक, साँस्कृतिक र सामाजिक अधिकार सहितको परिचय पत्र उपलब्ध गराउनुपर्ने, बाग्लुङ्ग जिल्लाको उत्तरगंगा जलाशययुक्त आयोजना अगाडि बढाउनुपर्ने, नेपालको संविधानले व्यवस्था गरेको भाषा सम्बन्धी व्यवस्थालाई व्यवस्थित गर्न भाषा ऐन हालसम्म नबनेको, डेंगु रोग नियन्त्रण गर्न स्वास्थ्य मन्त्रालय गम्भिर नभएको, ख्वप विश्वविद्यालय सम्बन्धी विधेयक सरकारले समयमा ल्याउनुपर्ने लगायतका विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो ।

१. मा० श्री खगराज अधिकारी
२. मा० डा० सूर्यप्रसाद पाठक
३. मा० श्री हितबहादुर तामाङ्ग
४. मा० श्री प्रेम सुवाल

तदुपरान्त प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयमा आ-आफ्नो धारणा राख्नुभयो :-

१. मा० श्री बिमला बि.क.
२. मा० श्री भिमसेनदास प्रधान
३. मा० श्री मन कुमारी जि.सी.
४. मा० श्री महेन्द्र कुमारी लिम्बु
५. मा० श्री महेश बस्नेत
६. मा० श्री मिना सुब्बा
७. मा० श्री मिना पाण्डे
८. मा० श्री यज्ञबहादुर बोगटी
९. मा० श्री यज्ञराज सुनुवार
१०. मा० श्री यशोदा गुरुङ्ग सुवेदी
११. मा० श्री रंगमती शाही
१२. मा० श्री राजबहादुर बुढाक्षेत्री
१३. मा० श्री राजेन्द्र कुमार के.सी.
१४. मा० श्री राजेन्द्र कुमार राई
१५. मा० श्री राजेन्द्र प्रसाद गौतम
१६. मा० श्री रामबहादुर विष्ट
१७. मा० श्री रामेश्वर राय यादव
१८. मा० श्री रेखा शर्मा
१९. मा० श्री रेनुका गुरुङ्ग
२०. मा० श्री भरत कुमार शाह

तत्पश्चात सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त निम्नलिखित पत्रहरुको व्यहोरा पढेर सुनाउनु भयो ।

(क) संघीय संसदको दुवै सदनको बैठकबाट पारित भई नेपालको संविधानको धारा ११३ को उपधारा (१) बमोजिम प्रमाणीकरणको लागि पेश हुन आएका देहाय बमोजिमका विधेयकहरु सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण भएकोले सो को प्रमाणीकृत प्रति थान १ (एक) यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

| क्र.सं. | विधेयक नं. | विधेयकको नाम | प्रमाणीकरण मिति |
|---|---|---|---|
| १ | १९ | खानेपानी तथा सरसफाइ ऐन, २०७९ | २०७९/५/२१ |

(यादव प्रसाद कोइराला)
सचिव

मिति : २०७९/५/२१

(ख) संघीय संसदको दुवै सदनको बैठकबाट पारित भई नेपालको संविधानको धारा ११३ को उपधारा (१) बमोजिम प्रमाणीकरणको लागि पेश हुन आएका देहाय बमोजिमका विधेयकहरु सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण भएकोले सोको प्रमाणीकृत प्रति थान ५ (पाँच) यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

| क्र.सं. | विधेयक नं. | विधेयकको नाम | प्रमाणीकरण मिति |
|---|---|---|---|
| १ | २० | तथ्याङ्क सम्बन्धी कानुनलाई संशोधन र एकिकरण गर्न बनेको विधेयक | २०७९/५/२८ |
| २ | २१ | स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ लाई संशोधन गर्न बनेको विधेयक | २०७९/५/२८ |
| ३ | २२ | प्रत्यायन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७९/५/२८ |
| ४ | २३ | सार्वजनिक पदधारणा गर्ने व्यक्तिको शपथ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७९/५/२८ |
| ५ | २४ | योगमाया आयुर्वेद विश्वविद्यालयको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७९/५/२८ |

(यादव प्रसाद कोइराला)
सचिव

मिति : २०७९/५/२८

त्यसपछि मा० गृह मन्त्री श्री बालकृष्ण खांणले "कारागार विधेयक, २०७८ माथि राष्ट्रिय सभाबाट भएको संशोधनमाथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त उक्त प्रस्तावमाथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री नवराज सिलवाल
२. मा० श्री मन कुमारी जि.सी.
३. मा० श्री घनश्याम खतिवडा
४. मा० श्री बिमला बि.क.
५. मा० श्री प्रेम सुवाल
६. मा० श्री भरत कुमार शाह
७. मा० श्री दुर्गा पौडेल
८. मा० श्री केदार सिग्देल

तत्पश्चात मा० गृह मन्त्री श्री बालकृष्ण खांणले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले "कारागार विधेयक, २०७८ का सम्बन्धमा राष्ट्रिय सभाबाट भएको संशोधनलाई स्वीकृत गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०७९ साल भदौ ३० गते बिहीबार दिनको १:०० बजे बस्नेगरी आजको बैठक दिनको २:३५ बजे स्थगित भयो ।

गोपालनाथ योगी
प्रतिनिधि सभाको सचिव